आज मिति २०८२ साल भाद्र ०४ गते बुधबारको दिन पुरातत्त्व विभागका महानिर्देशक एवम् "प्राचीन स्मारक संरक्षण नियमावली २०४६" को नियम ४.७ अनुसार गठित "विशेष ज्यालादर तथा मूल्य निर्धारण समिति"का संयोजक श्री सौभाग्य प्रधानाङ्गज्यूको अध्यक्षतामा चालु आ.व.२०८२।८३ मा संचालन हुने सम्पदाहरुको निर्माण कार्यको लागि आवश्यक पर्ने परम्परागत जिर्णोद्वार कार्य गर्ने कालिगढ कामदारहरुको ज्यालादर तथा विभिन्न परम्परागत निर्माण सामाग्रीहरुको दररेट निर्धारण गर्न तपशिल बमोजिमको उपस्थितिमा बैठक वसी तपशिल बमोजिमको निर्णय गरियो।

मिति -२०८२।०५।०४ गते बुधवार

समय -विहानको ८:०० बजे

स्थान -पुरातत्त्व विभाग।

उपस्थिति :-

श्री सौभाग्य प्रधानाङ्ग - संयोजक

महानिर्देशक, पुरातत्त्व विभाग।

श्री सिर्जना तिवारी - सदस्य

महालेखा नियन्त्रकको कार्यालय, काठमाडौं (प्रतिनिधि)

श्री प्रविन श्रेष्ठ - सदस्य

शहरी विकास तथा भवन निर्माण विभाग, काठमाडौं (प्रतिनिधि)

श्री हेमन्त घिमिरे - सदस्य

जिल्ला प्रशासन कार्यालय, काठमाडौं (प्रतिनिधि)

श्री पूर्ण वहादुर श्रेष्ठ - सदस्य-सचिव

सिनियर डिभिजनल ईन्जिनियर, पुरातत्त्व विभाग।

आमन्त्रित :-

श्री राम बहादुर कुंवर - प्र.पु.अधिकृत, पुरातत्त्व विभाग।

श्री सन्दिप खनाल - प्र.पु.अधिकृत, पुरातत्त्व विभाग।

श्री ईश्वर ओझा - लेखा अधिकृत, पुरातत्त्व विभाग।

श्री शिवराम महर्जन - ईन्जिनियर, पुरातत्त्व विभाग।

श्री समृद्धि वैदार - ईन्जिनियर, भवन विभाग।

श्री राजेन्द्र मानन्धर - ईन्जिनियर, पुरातत्त्व विभाग।

तपशिलः-

प्रस्तावहरु-

१. आ.व. २०८२।८३ को लागि परम्परागत जिर्णोद्धार सम्बन्धी कार्य गर्ने कालिगढ कामदारहरुको ज्यालादार निर्धारण सम्बन्धमा।

२. उपत्यका बाहिर परम्परागत जिर्णोद्धार सम्बन्धी कार्य गर्ने कालिगढ कामदारको ज्यालादर सम्बन्धमा।

निर्णयहरुः-

निर्णय नं. १

प्रस्ताव नं.१ माथि छलफल गर्दा परम्परागत जिर्णोद्धार सम्बन्धी कार्य गर्ने कालिगढ कामदारहरुको ज्यालादार सम्बन्धमा चालु आ.व. २०८२।८३ मा संचालन गरिने सम्पदाहरुको मर्मत सम्भार, जिर्णोद्धार लगायतका कार्यहरुका लागि जिल्ला दररेट निर्धारण समिति, काठमाडौंबाट स्विकृत भए बमोजिम ज्यालादरमा १.६३% वृद्धिलाई आधारमानी सोही बमोजिम आ.व.२०८१।८२ मा कायम भएको दररेटमा वृद्धि गरी तपशिल बमोजिमको दर कायम गर्ने निर्णय गरियो।

तपशिलः-

| क्र.स. | कामदारको विवरण | आ.व.२०८०/८१ को स्विकृत ज्यालादर | आ.व.२०८१/८२ को स्विकूत ज्यालादर | आ.व.२०८२/८३ को प्रस्तावित ज्यालादर | कैफियत |
|---|---|---|---|---|---|
| १ | कलात्मक काठको काम गर्ने वुटाकर्मी नाइके | १६५० | १६८५ | १७१० | १.६३ % वृद्धि |
| २ | कलात्मक काठको काम गर्ने वुटाकर्मी | १५६० | १५९० | १६१५ | .. |
| ३ | प्राचीन वास्तुकला बमोजिम सादा काठको काम गर्ने सिकर्मी नाइके | १४३० | १४६० | १४८० | .. |
| ४ | प्राचीन वास्तुकला बमोजिम सादा काठको काम गर्ने सिकर्मी | १३२० | १३४५ | १३६५ | .. |
| ५ | कलात्मक धातुको काम गर्ने वुटेदारी धातुकर्मी नाइके | १६५० | १६८५ | १७१० | .. |

महानिर्देशक

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
पुरातत्त्व विभाग
रामशाहपथ, काठमाडौं

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | कलात्मक धातुको काम गर्ने बुटेदारी धातुकर्मी | १५६० | १५९० | १६१५ | .. |
| ७ | प्राचीन वास्तुकला बमोजिम सादा धातुको काम गर्ने धातुकर्मी नाइके | १४३० | १४६० | १४८० | .. |
| ८ | प्राचीन वास्तुकला बमोजिम सादा धातुको काम गर्ने धातुकर्मी ~~नाइके~~ | १३२० | १३४५ | १३६५ | .. |
| ९ | कलात्मक ढुंगाको काम गर्ने बुटाकर्मी नाइके | १६५० | १६८५ | १७१० | .. |
| १० | कलात्मक ढुंगाको काम गर्ने बुटाकर्मी | १५६० | १५९० | १६१५ | .. |
| ११ | कलात्मक ढुंगाको काम गर्ने ढुंगाकर्मी नाइके | १४३० | १४६० | १४८० | .. |
| १२ | कलात्मक ढुंगाको काम गर्ने ढुंगाकर्मी | १३२० | १३४५ | १३६५ | .. |
| १३ | कलात्मक ईट्टाको काम गर्ने डकर्मी नाइके | १५४० | १५७० | १५९५ | .. |
| १४ | कलात्मक ईट्टाको काम गर्ने डकर्मी | १४३० | १४६० | १४८० | .. |
| १५ | प्राचीन बास्तुकला बमोजिम सादा ईट्टाको काम गर्ने डकर्मी नाइके | १४३० | १४६० | १४८० | .. |
| १६ | प्राचीन बास्तुकला बमोजिम सादा ईट्टाको काम गर्ने डकर्मी | १३२० | १३४५ | १३६५ | .. |
| १७ | कलात्मक वज्रको काम गर्ने वज्रकर्मी नाइके | १५४० | १५७० | १५९५ | .. |
| १८ | कलात्मक वज्रको काम गर्ने वज्रकर्मी | १४३० | १४६० | १४८० | .. |
| १९ | प्राचीन बास्तुकला बमोजिम सादा वज्रको काम गर्ने वज्रकर्मी नाइके | १४३० | १४६० | १४८० | .. |
| २० | प्राचीन बास्तुकला बमोजिम सादा वज्रको काम गर्ने वज्रकर्मी | १३२० | १३४५ | १३६५ | .. |

| | | | | | |
|---|---|---|---|---|---|
| २१ | झिंगटीको काम गर्ने अवाले नाइके | १५३० | १८७० | १९०० | .. |
| २२ | झिंगटीको काम गर्ने अवाले | १५४० | १५७० | १५९५ | .. |
| २३ | अवाले नाइके (साधारण कामको लागि) | १३२० | १३४५ | १३६५ | .. |
| २४ | अवाले (साधारण कामको लागि) | १३२० | १३४५ | १३६५ | .. |

निर्णय नं २-

प्रस्ताव नं २ माथि छलफल गर्दा काठमाडौं उपत्यकाभन्दा बाहिरको हकमा बास बसाएरै कुनैपनि परम्परागत जिर्णोद्धार सम्बन्धी काम गर्ने कालिगढ कामदारहरुलाई काठमाडौंबाट लगि काममा लगाउनु परेमा निर्णय नं.१ मा उल्लेखित ज्यालादरमा तपशिल बमोजिम थप गरी सोही अनुसार ज्यालादर कायम गर्ने निर्णय गरियो।

तपशिल-

क) काठमाडौं उपत्यका बाहिर निजामती सेवा नियमावली २०५० को दुर्गम क्षेत्र भौगोलिक विभाजन अन्तर्गत वर्गीकरणको वर्ग "क" र "ख" का जिल्लाहरुमा बास बसाएर कुनै पनि परम्परागत जिर्णोद्धार सम्बन्धी काम गर्ने कालीगढ कामदारहरुलाई काठमाडौंबाट लगि काममा लगाउनु परेमा निर्णय नं. १मा उल्लेखित ज्यालादरमा १००( एक सय) प्रतिशत थप गरी ज्याला दिई काममा लगाउने।

ख) काठमाडौं उपत्यका बाहिर निजामती सेवा नियमावली २०५० को दुर्गम क्षेत्र भौगोलिक विभाजन अन्तर्गत वर्गीकरणको वर्ग "क" र "ख" बाहेकका जिल्लाहरुमा बास बसाएर कुनै पनि परम्परागत जिर्णोद्धार सम्बन्धी काम गर्ने कालीगढ कामदारहरुलाई काठमाडौंबाट लगि काममा लगाउनु परेमा निर्णय नं. १मा उल्लेखित ज्यालादरमा ७५( पचहत्तर) प्रतिशत थप गरी ज्याला दिई कममा लगाउने।

ग) काठमाडौं उपत्यकाका कालिगढ कामदारहरुलाई भारत वा नेपाल बाहिर लगि काममा लगाउनु परेमा निर्णय नं.१ मा उल्लेखित ज्यालादर मा १००( एक सय) प्रतिशत थप गरी ज्याला दिई कममा लगाउने।

महानिर्देशक